राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २८० २०८३ वैशाख ३१ गते विहिवार (14 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## जेठ पहिलो साता जनकपुरमा सातौं साहित्य महोत्सव




दैनिक समाचारदाता
जनकपुरधाम, ३० वैशाख । जनकपुरधाममा आयोजना हुन लागेको सातौं जनकपुर साहित्य महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ । तीन दिनसम्म सञ्चालन हुने महोत्सव आगामी जेठ १, २ र ३ गते आयोजना गरिने भएको छ ।

नव मिथिला फाउण्डेशनको आयोजनामा विगत छ वर्षदेखि निरन्तर हुँदै आएको जनकपुर साहित्य महोत्सवलाई यस वर्ष पनि निरन्तरता दिइएको आयोजकले जनाएको छ । महोत्सवको तयारीबारे जानकारी दिन बिहीबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा आयोजकहरूले यसपटकको संस्करणलाई अझ व्यापक र बहुआयामिक बनाइएको बताएका छन् ।

महोत्सवमा साहित्य, संस्कृति, शिक्षा, भाषा, राजनीति, पर्यटन, सञ्चार, खेलकुद तथा प्रविधिलगायत समसामयिक विषयमा केन्द्रित विभिन्न विमर्श आयोजना गरिनेछ । 'मैथिली कथाको नेपाली संसार : माटिक लोक', 'जनकपुरको कनेक्टिभिटी र पर्यटनको भविष्य', 'किन कहिन्छ खेलकुदमा खेलवाड ?', 'कसरी फर्काउने जनकपुरको शास्त्रार्थ', 'सञ्चारकर्मको बदलिँदो परिदृश्य', 'जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा : सम्भावना, चुनौती र मार्गचित्र', 'नेपाली महिला लेखन : संघर्षदेखि सिर्जनासम्म', 'पाठ्यक्रम, दक्षता र क्षमता', 'भाषा, प्रविधि र संस्कृति', 'महिलाक महिमा', 'भू(राजनीति र भू( अर्थतन्त्र', 'रंगमञ्चदेखि सिनेमासम्म' तथा 'बहुभाषिक चेतना : शिक्षा आ साहित्य' लगायत विषयमा विशेष छलफल गरिने जनाइएको छ ।

आयोजकका अनुसार महोत्सवमा १३ वटा प्यानल डिस्कसन तथा 'कृत्रिम बुद्धिमत्ता (एआई) लाई कसरी सहज रूपमा बुझ्ने ?' शीर्षकमा एकल प्रवचनसमेत समावेश गरिएको छ । यसरी कुल १४ वटा विषयमा केन्द्रित कार्यक्रममार्फत महोत्सवलाई ज्ञान, बहस र सांस्कृतिक आदानप्रदानको साझा थलोका रूपमा प्रस्तुत गरिनेछ ।

महोत्सव अवधिभर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरूको सांगीतिक प्रस्तुति पनि रहने आयोजकले जनाएको छ ।

जनकपुर साहित्य महोत्सवको शुरुआत सन् २०१९ बाट भएको हो ।

## प्रधानमन्त्री खोज्दै संसद, सडकमा पनि बालेनविरुद्ध प्रदर्शन




दैनिक समाचारदाता
काठमाडौं ३० वैशाख । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को संसदमा अनुपस्थितिलाई लिएर बुधबार प्रतिनिधिसभा र सडक दुवै तातिएका छन् । सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा प्रधानमन्त्री उपस्थित नभएको भन्दै विपक्षी दलहरूले संसद अवरोध गरे भने माइतीघर मण्डलामा प्रधानमन्त्रीको "गैरजिम्मेवार प्रवृत्ति" विरुद्ध प्रदर्शनसमेत गरिएको छ ।

बुधबार माइतीघर मण्डलामा विभिन्न समूहले "बोल्न नदिने सरकार र बोल्दै नबोल्ने प्रधानमन्त्रीको नियत तथा गैरजिम्मेवार प्रवृत्तिका विरुद्ध" भन्दै प्रदर्शन गरेका हुन् । प्रदर्शनकारीहरूले मुखमा कालो टेप लगाएर प्रधानमन्त्री बालेनको प्रतीकात्मक विरोध गरेका थिए ।

यता, प्रतिनिधिसभामा पनि प्रधानमन्त्रीको अनुपस्थितिले लगातार तनाव देखियो । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहित विपक्षी दलहरूले प्रधानमन्त्री उपस्थित नभएसम्म सरकारको नीति तथा कार्यक्रममाथिको छलफल अघि बढ्न नदिने अडान लिएपछि बुधबार तीन पटकसम्म बैठक प्रभावित भयो । अन्ततः बैठक बिहीबारसम्मका लागि स्थगित गरिएको छ ।

सभामुख डीपी अर्यालले प्रधानमन्त्रीसँग छलफल गरेर अर्को बैठकबारे जानकारी गराउने बताएका छन् । यद्यपि, उनले आफूलाई प्रधानमन्त्रीलाई संसदमा उपस्थित हुन निर्देशन दिने अधिकार नरहेको स्पष्ट पारे । विपक्षी सांसदहरूले प्रधानमन्त्रीलाई अनिवार्य उपस्थित गराउन रुलिङ गर्न माग गरेपछि सभामुखले "संसद नियम र कानुनअनुसार चल्ने" भन्दै कानुनी सीमाको प्रस्टीकरण दिएका हुन् ।

बैठकमा विपक्षी दलका नेताहरूले प्रधानमन्त्री संसदप्रति उत्तरदायी हुनुपर्ने भन्दै कडा आपत्ति जनाए । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले प्रधानमन्त्रीलाई सदनमा उपस्थित गराउन सभामुखबाट रुलिङको माग गर्दै "संसदको छलफलमा प्रधानमन्त्रीको उपस्थिति सम्मान र जिम्मेवारी दुवै हो" भने ।

नेकपा एमालेकी सांसद पद्मा अर्यालले नीति तथा कार्यक्रम सरकारको प्रमुख दस्तावेज भएकाले त्यसबारे प्रधानमन्त्रीले नै जवाफ दिनुपर्ने धारणा राखिन् । एमालेका प्रमुख सचेतक युवराज दुलालले "जनताले प्रधानमन्त्रीको आवाज सुन्न चाहेका छन्" भन्दै संसदप्रतिको उत्तरदायित्वको प्रश्न उठाए ।

राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले प्रधानमन्त्री सिंहदरबारमै रहेर संसदबाट टाढा बस्नु उचित नभएको टिप्पणी गरे । "नीति तथा कार्यक्रम राज्य सञ्चालनको दिशा हो, यसको जवाफ प्रधानमन्त्रीले नै दिनुपर्छ," उनले संसदमा भने ।

यसैबीच, श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्कराज राई (साम्पाङ) ले बैठक बहिष्कार गरेका छन् । विपक्षी दलको निरन्तर अवरोध र सभामुखले प्रधानमन्त्रीलाई स्पष्ट रुलिङ नगरेपछि बुधबार तीन पटक बैठक स्थगित गर्नुपरेको थियो ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूले भने संसद नियमावलीअनुसार प्रधानमन्त्रीको अनुपस्थितिमा उनले तोकेको मन्त्रीले जवाफ दिन सक्ने व्यवस्था रहेको बताएका छन् । रास्वपाका सांसद खगेन्द्र सुनारले प्रतिनिधिसभा नियमावली-२०७९ को दफा ३८ अनुसार प्रधानमन्त्रीको अनुपस्थितिमा तोकिएको मन्त्रीले नीति तथा कार्यक्रममाथि धारणा राख्न सक्ने स्पष्ट व्यवस्था रहेको बताए ।

तर विपक्षी दलहरूले नियमावलीमा बाध्यता नभए पनि संसदीय अभ्यास, मर्यादा र राजनीतिक उत्तरदायित्वका आधारमा प्रधानमन्त्री स्वयं उपस्थित हुनुपर्ने अडान कायम राखेका छन् । एमाले नेता महेश बर्तौलाले "सरकारको नीति तथा कार्यक्रमको स्वामित्व प्रधानमन्त्रीले लिनुपर्छ" भन्दै संसदमा अनुपस्थित रहनु संसदीय मूल्यप्रतिको बेवास्ता भएको टिप्पणी गरे ।

प्रधानमन्त्री बालेन शाह संसदमा अनुपस्थित रहेपछि सत्ता र प्रतिपक्षबीचको टकराव झन् चर्किएको छ भने संसदको गतिरोध कहिले अन्त्य हुन्छ भन्ने प्रश्न अझै अनुत्तरित बनेको छ ।


## धनुषामा २१ करोड मूल्य बराबरको कम गहुँ उत्पादन

वीरेन्द्र कर्ण
जनकपुरधाम, ३० वैशाख । धनुषामा गत वर्षको तुलनामा यस आर्थिक वर्ष २०८२/०८३ मा २१ करोड १४ लाख ५२ हजार मूल्य बराबरको ५ हजार ३ सय ६० मेटन कम गहुँ उत्पादन भएका छ। कृषि ज्ञान केन्द्र जनकपुरधामका अनुसार सो वर्षमा किसानहरुले ३३ हजार ५ सय हेक्टर क्षेत्रफलमा गहुँ खेती गरेकोमा ९८ हजार ४९० मेटन गहुँ उत्पादन गरेको छ। जबकि उत्पादनको अनुसारले हेर्ने हो भने ५ हजार ३६० मेटन कम गहुँ उत्पादन भएको हो । यसवर्ष गहुँ पाक्ने बेलामा पश्चिमी हावा बगेकोले दाना सुख्न गएको कारण क्षेत्रफलको हिसाबले सोचे जस्तो गहुँ उत्पादन नभएको प्रमुख प्रदीप कुमार यादवले बताए ।




धनुषामा करीब ७ लाख जनसंख्या रहेकोमा ७५ प्रतिशत किसानहरु गहुँ खेतीमा संलग्न रहेको कृषि ज्ञान केन्द्र धनुषाको तथ्यांकमा उल्लेख गरिएको छ। यहाँको उत्पादनले वर्षभरि पनि खाना नपुग्ने भएकोले यहाँका बासिन्दाहरु गहुँको लागि भारतीय बजारमाथि निर्भर हुँदै आएको छ ।प्रत्येक वर्ष सिंचाई मलखाद्यको अभाव झेल्दै आएका किसानहरुले धान खेतीप्रति दोस्रो प्रमुख बालीको रुपमा गहुँ खेती गर्दै आईरहेको छ ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# आशाको परियोजना परिणामको परीक्षा

मधेश प्रदेशमा अपाङ्गता भएका, अति विपन्न तथा जोखिममा रहेका समुदायको जीविकोपार्जन र आर्थिक सशक्तीकरणका लागि 'आशा : समावेशी जीविकोपार्जन र आर्थिक सशक्तीकरण' परियोजना शुभारम्भ हुनु सकारात्मक र स्वागतयोग्य पहल हो । नेपाल सरकारसँगको समन्वयमा अस्ट्रेलियाली एड, सिबिएम, लाइफ नेपाल तथा अपाङ्ग समाज जनकपुरधामको सहकार्यमा सुरु भएको यो परियोजनाले मधेशका सीमान्तकृत समुदायको जीवनस्तर सुधार गर्ने अपेक्षा गरिएको छ ।

मधेश प्रदेशमा गरिबी, बेरोजगारी, सामाजिक विभेद र अवसरको असमान पहुँच अझै गम्भीर चुनौतीका रूपमा विद्यमान छन् । त्यसमाथि अपाङ्गता भएका व्यक्ति, अति विपन्न परिवार तथा जोखिममा रहेका समुदाय राज्यको मूलधारबाट अझै टाढा छन् । उनीहरूका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र सम्मानजनक जीवन केवल नीतिगत भाषणमा सीमित हुने गरेको यथार्थ कसैबाट लुकेको छैन । यस्तो अवस्थामा 'आशा' परियोजनाले केवल राहत होइन, आत्मनिर्भरता र सम्मानपूर्ण जीवनको आधार निर्माण गर्नुपर्ने आवश्यकता छ ।

परियोजनाले सामाजिक सुरक्षा, मानसिक स्वास्थ्य, पुनःस्थापना सेवा, समावेशी सहभागिता तथा जलवायु उत्थानशील कृषि जस्ता विषयलाई प्राथमिकतामा राखेको छ । यी विषय मधेशजस्तो संवेदनशील क्षेत्रमा अत्यन्त सान्दर्भिक छन् । विशेषगरी अपाङ्गता-मैत्री खेती प्रणाली र बजार प्रणाली विकासको अवधारणाले लक्षित समुदायलाई दीर्घकालीन आर्थिक आधार दिन सक्छ । तर यस्ता परियोजनाको सफलता केवल योजना र घोषणामा होइन, कार्यान्वयनको पारदर्शिता र प्रभावकारितामा निर्भर हुन्छ ।

नेपालमा विगतमा पनि विभिन्न नाममा थुप्रै दातृनिकाय समर्थित परियोजना सञ्चालन भए । तर धेरै परियोजना कागजी उपलब्धिमा सीमित रहे । लक्षित समुदायसम्म अपेक्षित लाभ पुग्न नसक्नु, परियोजना सकिएपछि कार्यक्रम पनि समाप्त हुनु र दीर्घकालीन प्रभाव नदेखिनु पुरानै समस्या हुन् । त्यसैले 'आशा' परियोजनाले विगतका कमजोरीबाट पाठ सिक्न आवश्यक छ ।

सभामुख रामअशिष यादवले लोकतन्त्रमा अधिकार सुनिश्चित गर्न निरन्तर सङ्घर्ष र सचेतता आवश्यक रहेको बताउनु महत्त्वपूर्ण सन्देश हो । वास्तवमा अधिकार केवल कानुनमा लेखिँदैमा सुनिश्चित हुँदैन, त्यसलाई व्यवहारमा लागू गर्न राज्य, समाज र स्वयं समुदायको सक्रियता आवश्यक पर्छ । लक्षित समुदायलाई केवल सहायता ग्रहणकर्ता होइन, निर्णय प्रक्रियाको सहभागी बनाइए मात्र परियोजनाले वास्तविक परिवर्तन ल्याउन सक्छ ।

धनुषाका चार स्थानीय तहबाट सुरु हुने यो कार्यक्रम सन् २०३० सम्म सञ्चालन हुने बताइएको छ । करिब तीन हजार व्यक्तिलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ । अब प्रश्न उठ्छ–के यो परियोजनाले साँच्चिकै आशा जगाउनेछ ? कि फेरि अर्को औपचारिक कार्यक्रम र प्रतिवेदनमा सीमित हुनेछ ?

यस परियोजनाको सफलता त्यसबेला प्रमाणित हुनेछ, जब अपाङ्गता भएका व्यक्ति आफ्नै श्रम र सीपबाट आत्मनिर्भर बन्नेछन्, जब विपन्न परिवारले सम्मानपूर्वक जीवनयापन गर्न सक्नेछन्, र जब राज्य तथा समाजले उनीहरूलाई दया होइन, अधिकारका आधारमा हेर्न सिक्नेछ । त्यसैले 'आशा' केवल परियोजनाको नाम मात्र नभई लक्षित समुदायको जीवनमा वास्तविक परिवर्तनको आधार बन्नुपर्छ ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# कसरी गर्ने नेपालमा मूल्य अभिवृद्धि कर सुधार ?



डा. रूप खड्का

कुनै देशमा मूल्य अभिवृद्धि कर (भ्याट) लागु गर्दा वा विद्यमान भ्याट प्रणालीमा सुधार गर्दा न्युजिल्यान्डमा वस्तु तथा सेवा करको नाममा लागु गरिएको भ्याटको अध्ययन गर्नु उपयोगी हुन्छ । सुरुदेखि नै न्युजिल्यान्डमा भ्याटलाई फराकिलो आधारमा एकल दरमा लागु गरिएको छ, वस्तु तथा सेवा दुवैका लागि समान दर्ता सीमा कायम गरिएको छ ।

हाल कर छुट केवल वित्तीय सेवाहरू, आवासीय भाडा, परोपकारी संस्थाद्वारा दान गरिएका वस्तुहरू तथा बहुमूल्य धातुहरू जस्ता पाँचवटा वस्तु तथा सेवामा मात्र दिइएको छ भने दर्ता सीमा न्युजिल्यान्ड डलर ६० हजार (नेपाली रुपैयाँ ५३ लाख) कायम गरिएको छ र करको दर १५ प्रतिशत छ ।

न्यूनतम् छुट, फराकिलो आधार, एकल दर तथा वस्तु र सेवा दुवैका लागि समान दर्ता सीमा भएका कारण यो कर प्रशासन गर्न अत्यन्त सजिलो भएको छ । यो आर्थिक दृष्टिले सक्षम (तटस्थ) छ, अनुपालन उच्च छ, चुहावट न्यून छ र राजस्व सङ्कलन प्रभावकारी छ । यस करबाट न्युजिल्यान्डको कुल कर राजस्वको करिब एकतिहाइ र कुल गार्हस्थ्य उत्पादनको ९ प्रतिशत जति राजस्व सङ्कलन हुन्छ, जुन विकसित देशको सन्दर्भमा निकै उत्साहजनक हो ।

यी कारणहरूले गर्दा यस करलाई केवल सैद्धान्तिक नमुना मात्र नभई व्यावहारिक रूपमा पनि उत्कृष्ट अभ्यासको उदाहरण मानिन्छ । प्रत्येक वर्ष विश्वभरका कर प्रशासक, नीतिनिर्माता तथा प्राज्ञहरू यस प्रणालीको अध्ययन गर्न न्युजिल्यान्ड जाने गर्दछन् । नेपालको अर्थ मन्त्रालय तथा आन्तरिक राजस्व विभागका पदाधिकारीहरूले पनि यस उद्देश्यका लागि न्युजिल्यान्ड भ्रमण गरेका थिए ।

नेपालले पनि प्रारम्भमा आफ्नो भ्याट प्रणालीको तर्जुमा गर्दा न्युजिल्यान्डको दृष्टिकोण पछ्याउने प्रयास गरेको थियो । १० प्रतिशतको एकल दर अपनाइएको थियो, वस्तु तथा सेवा दुवैका लागि २० लाख रुपैयाँको समान दर्ता सीमा कायम गरिएको थियो र कर छुटहरू सीमित राखी तिनीहरूलाई क्रमशः घटाउँदै करको आधार विस्तार गर्ने नीति अपनाइएको थियो । साथै भ्याटको महत्त्वपूर्ण अङ्गको रूपमा रहेको कर फिर्ता प्रणालीको संरचना पनि अब्बल थियो ।

सुरुमा भ्याटको कार्यान्वयन पनि राम्रो थियो । भ्याट राजस्वको वार्षिक औसत वृद्धिदर १८ प्रतिशतको हाराहारीमा थियो भने भ्याट राजस्व कुल कर राजस्वको एकतिहाइ जति र कुल गार्हस्थ्य उत्पादनको सात प्रतिशत जति पुगेको थियो ।

यसरी करको राम्रो संरचना र प्रभावकारी कार्यान्वयनका कारण बङ्गलादेश, जान्जिबार र जाम्बियालगायतका देशका कर प्रशासकहरू नेपालको भ्याट प्रणाली अध्ययन गर्न आएका थिए । भारतका सिक्किम र पश्चिम बङ्गाल राज्यका कर प्रशासकहरूले पनि नेपालको भ्याटको अध्ययन गर्न नेपाल भ्रमण गर्ने योजना बनाएका थिए तर त्यस समयमा भारतले लगाएको नाकाबन्दीका कारण ती भ्रमणहरू हुन सकेनन् ।

तर, नेपालमा भ्याट लागु भएको केही वर्षपछि विभिन्न विचलनहरू देखा परे । विभिन्न बहानामा कर छुट दिइने वस्तु तथा सेवाको सूची उल्लेखनीय रूपमा बढाइयो, विभिन्न सरकारी निकायहरूको सिफारिसका आधारमा कर छुट दिने प्रचलन सुरु भयो र वस्तु तथा सेवाका लागि छुट्टाछुट्टै दर्ता सीमा कायम गरियो । साथै, भ्याटको प्रभावकारी कार्यान्वयनको मेरुदण्ड मानिने कर बिजक जारी गर्ने र लिने प्रचलनलाई सुदृढ बनाउने पर्याप्त प्रयास गरिएन । कर फिर्ता प्रणालीलाई पनि प्रभावकारी बनाइएन । फलस्वरूप भ्याट कार्यान्वयनको प्रभावकारिता कमजोर हुँदै गयो ।

### *भ्याट सुधारको आवश्यकता*

भ्याट नेपालको राजस्वको मूल स्रोत हो । भविष्यमा न्यून आर्थिक लागतमा बढी राजस्व सङ्कलन गर्ने सम्भावना भएको कर पनि यही भएकाले हाम्रो राजस्व बढाउनका लागि यस करमा सुधार गर्न अपरिहार्य भएको छ ।

भ्याट एक स्वनियन्त्रित कर हो, जसमा वस्तु तथा सेवाको न्यून वा अधिक बिजकीकरण गरेर कर छल्न गाह्रो हुन्छ । किनकि- कर छल्ने उद्देश्यले बिक्रेताले वस्तुको वास्तविक बिक्री मूल्यभन्दा कम मूल्यको बिल जारी गरेमा खरिदकर्ताको कर कट्टी गर्न पाउने रकम कम हुने भएकाले त्यस्तो बिजक खरिदकर्ताको लागि स्वीकार्य हुँदैन । अर्कोतर्फ, खरिदकर्ताले वस्तु वा सेवाको वास्तविक बिक्री मूल्यभन्दा बढी मूल्यको बिल मागेमा बिक्रेताले अनावश्यक रूपमा बढी कर तिर्नुपर्ने हुँदा बिक्रेताले त्यस्तो बिजक जारी गर्ने कुरा आउँदैन । यसरी वस्तु वा सेवाको वास्तविकभन्दा कम मूल्य देखाएमा खरिदकर्ताको हितविपरीत हुने र बढी मूल्य देखाएमा बिक्रेताको हितविपरीत हुने भएकाले भ्याटअन्तर्गत वस्तु तथा सेवाको मूल्य हेरफेर गरेर कर छल्न गाह्रो हुन्छ भन्ने मान्यता छ ।

अर्कोतर्फ, भ्याटअन्तर्गत पहिलो तहमा कर कम तिरेमा पछिल्लो तहमा कट्टी गर्न पाउने कर कम हुने भएकाले करदाताले बढी कर तिर्नुपर्ने हुँदा राजस्व सङ्कलन कम हुँदैन । यसलाई भ्याटको 'क्याच-अप-प्रभाव' भनिन्छ, जसले यस करअन्तर्गत कर छल्ने प्रवृत्ति कम गर्छ ।

यसैगरी भ्याट उत्पादन तथा वितरण प्रक्रियाअन्तर्गतका विभिन्न चरणहरूमा सङ्कलन गरिने हुँदा यसले न्यून बिजकीकरण र तस्करीलाई कम आकर्षक र बढी गाह्रो बनाउँछ । साथै भ्याटले अडिट ट्रेल प्रदान गर्ने हुँदा यसले कर कार्यान्वयनलाई प्रभावकारी बनाउँछ ।

भ्याटका यी विभिन्न विशेषताले गर्दा यस करको कार्यान्वयनले भ्याट राजस्व मात्र नभई भन्सार महसुल, अन्तःशुल्क तथा आयकरबाट पनि बढी राजस्व सङ्कलन गर्न सहयोग पुग्दछ ।

यसैगरी अनौपचारिक क्षेत्रका करको दायरामा नआएका साना बिक्रेताको खरिदमा पनि भ्याट लाग्ने भएकाले त्यसबाट पनि राजस्व सङ्कलन हुन्छ । आर्थिक विकासको क्रममा उनीहरूको कारोबार वृद्धि भएपछि कर कट्टीको सुविधा लिनसमेत उनीहरू करको दायराभित्र आउँदै जाने हुँदा करको दायरा विस्तार भई राजस्व स्वतः बढ्दै जाने हुन्छ र त्यसबाट व्यापक आर्थिक स्थायित्व कायम गर्न मद्दत पुग्दछ ।

भ्याट राजस्व सङ्कलनको हिसाबले मात्र नभई आर्थिक वृद्धि तथा निकासी प्रवर्द्धनका हिसाबले पनि महत्त्वपूर्ण छ । भ्याटका कर कट्टी तथा कर फिर्ता व्यवस्थाले गर्दा करमाथि कर नलाग्ने हुँदा यस करअन्तर्गत करमाथि कर लागेर 'क्यासकेडिङ' हुने समस्या हुँदैन । यसैगरी भ्याटको कर कट्टी तथा कर फिर्ता व्यवस्थाले गर्दा करदाताले तिरेको भ्याट वस्तु वा सेवाको लागतका रूपमा रहँदैन र त्यसमा विभिन्न तहका बिक्रेताले मुनाफा प्रतिशत लगाउनु पर्दैन ।

यसले गर्दा भ्याटमा 'पिरामिडिङ' समस्या उत्पन्न नहुने हुँदा करको कारणले अनावश्यक रूपमा उपभोक्ता मूल्य बढ्दैन । साथै भ्याटले लगानी र निकासीलाई करमुक्त गर्ने हुँदा यसले अर्थतन्त्रको लागत बढाउँदैन र स्वदेशी उत्पादनको विदेशी बजारमा प्रतिस्पर्धात्मक क्षमतालाई क्षीण गर्दैन ।

यो कर सक्षम र तटस्थ किसिमले आन्तरिक राजस्व परिचालन गर्न राजस्वका विभिन्न स्रोतहरूमध्ये सबभन्दा बढी सफल करका रूपमा साबित भएको छ । त्यसो हुँदा यसलाई बिसौं शताब्दीमा वित्तशास्त्रमा भएको सबभन्दा ठूलो अन्वेषणका रूपमा लिइन्छ । यस्तो अवस्था सिर्जना गर्नका लागि भ्याटलाई न्युजिल्यान्डमा जस्तै सही ढङ्गले तर्जुमा गर्नु आवश्यक हुन्छ । भ्याटलाई सही किसिमले तर्जुमा गरिएन भने सफलता नमिल्ने कुरा भारतको अनुभवले देखाउँछ । सन् १९९० को दशकमा भारतका राज्यहरूमध्ये केहीले सीमित वस्तुहरूमा मात्र भ्याट लगाए, केहीले उच्च दर्ता सीमा कायम गरे, केहीले व्यापक छुटहरू प्रदान गरे र केहीले बहुदर लगाए; जसका कारण भ्याटको कार्यान्वयन समस्याग्रस्त भयो ।

त्यस सन्दर्भमा भारतको राज्य सरकारका अर्थसचिवहरूलाई भ्याटका सिद्धान्तहरू र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासबारे स्पष्ट बुझाउन भारतको सङ्घीय अर्थ मन्त्रालयको अनुरोध र विश्व बैङ्कको वित्तीय सहयोगमा हार्वर्ड विश्वविद्यालयले सन् १९९८ को अप्रिल २७ देखि मे १५ सम्म भ्याटका विविध पक्षका बारेमा दुईहप्ते प्रशिक्षण र तेस्रो हप्ता क्यानडाको भ्याटको अध्ययन भ्रमण आयोजना गरेको थियो । त्यस कार्यक्रममा प्रशिक्षकका रूपमा म पनि आमन्त्रित थिएँ र प्रशिक्षणपश्चात् सो कार्यक्रमका सहभागीहरूलाई क्यानडाको भ्याटको अध्ययन भ्रमण गराउने कार्यको संयोजन पनि मैले नै गरेको थिएँ ।

सो कार्यक्रमपश्चात् भारतका प्रदेश सरकारका पदाधिकारी विभिन्न प्रदेशले लगाएको नाम मात्रको भ्याटको सट्टा सही किसिमको भ्याट समन्वित रूपमा लागु गर्न सहमत भए । यस सन्दर्भमा प्रदेशहरूका लागि नमुना भ्याट ऐन तथा नियम तर्जुमा गरियो र प्रदेशहरूले सुधारिएको भ्याट लागु गरे । यसरी हार्वर्ड विश्वविद्यालयले आयोजना गरेको भ्याटसम्बन्धी प्रशिक्षण र क्यानडाको भ्याटको अध्ययन भ्रमण भारतमा भ्याट सही किसिमले लगाउन कोसेढुङ्गा साबित भयो ।

त्यसको केही वर्षपछि भारतीय वस्तुगत कर प्रणालीलाई सुधार गर्न सङ्घ र प्रदेशमा छुट्टाछुट्टै भ्याट लगाउनुको सट्टा एउटै भ्याट लगाउने सहमति भयो । त्यसपछि साबिकमा केन्द्र, प्रदेश तथा स्थानीय तहमा लागु गरिएका विभिन्न १७ वस्तुगत करहरू र २३ 'सेस' हरूको सट्टा १ जुलाई २०१७ देखि 'वस्तु तथा सेवा कर' (जीएसटी) को नामले एउटै भ्याट लगाइयो; जसलाई भारत स्वतन्त्र भएपछिको सबभन्दा ठूलो आर्थिक सुधार कार्यक्रम मानियो ।

तर सङ्घ सरकारले विस्तृत आधारमा एकल दरले भ्याट लगाउन गरेको गृहकार्यअनुरूपको कर विभिन्न कारणले व्यवहारमा लगाउन सकिएन र विभिन्न छुट र बहुदरको भ्याट लागु भयो; जुन आर्थिक दृष्टिकोणले असक्षम र प्रशासनिक हिसाबले जटिल भएकाले व्यवहारमा अनेक समस्या सिर्जना गर्‍यो । यस क्रममा २२ सेप्टेम्बर २०२५ मा 'जीएसटी' का दुई दर मात्र कायम गरी प्रक्रियालाई सरल र सहज बनाइयो । त्यसबाट कर प्रणाली बढी सरल, सहज तथा सक्षम हुन गयो, जसले भारतको अर्थतन्त्रमा ठूलो सकारात्मक असर पार्‍यो । अर्को सुधार गरेर अन्त्यमा यो कर एकल दरले लागु हुने अपेक्षा गरिएको छ ।

### *भ्याट सुधारका क्षेत्रहरू*

न्युजिल्यान्ड तथा भारतको अनुभवलाई मध्यनजर गर्दै नेपालमा विस्तृत आधारमा एकल दरको भ्याट प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निम्न कदमहरू चाल्नुपर्दछ :

भ्याटका मूल सिद्धान्तहरू र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासअनुसार यस करलाई सकेसम्म फराकिलो आधारमा एकल दरमा लागु गर्नुपर्छ । प्रारम्भमा मध्यमस्तरको एकल दरमा भ्याट लागु गरिएको भए पनि समयक्रममा विभिन्न बहानामा धेरै वस्तु तथा सेवाहरूलाई छुट दिइएको छ । कर सुधारको क्रममा यस्ता छुटहरू हटाएर करको आधार विस्तार गरिनु आवश्यक छ ।

यसैगरी विभिन्न सरकारी निकायहरूको सिफारिसका आधारमा कर छुट दिने प्रचलनले अनावश्यक रूपमा करदाताको अनुपालन लागत र सरकारको सङ्कलन लागत बढाउने, साथै मिलेमतो र भ्रष्टाचारको सम्भावना बढाउने गर्दछ । त्यसैले राष्ट्रिय दृष्टिकोणले कुनै वस्तु वा सेवामा छुट दिनैपर्ने भएमा त्यस्तो छुटलाई स्पष्ट रूपमा छुट सूचीमा समावेश गरी स्वतः लागु हुने व्यवस्था गर्नुपर्छ र सरकारी निकायको सिफारिसका आधारमा छुट दिने प्रचलन अन्त्य गर्नुपर्छ ।

वस्तु तथा सेवा दुवैका लागि एउटै दर्ता सीमा कायम गर्ने अन्तर्राष्ट्रिय अभ्यास नेपालका लागि पनि सान्दर्भिक भएकाले त्यसलाई अपनाउनुपर्दछ।

भ्याटका मूल आधारहरूका रूपमा रहेको कर कट्टी र कर फिर्ता व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्छ । यसको अर्थ करदाताले कर लाग्ने कारोबारसँग सम्बन्धित सम्पूर्ण 'इनपुट' हरूमा तिरेको कर समयमै पूर्ण रूपमा कटाउन पाउनुपर्छ । हाल निकासीकर्ताबाहेक अन्य करदाताहरूका लागि आन्तरिक खरिद वा पैठारीमा तिरेको कर बिक्रीमा उठाएको करभन्दा बढी भएमा उक्त रकम पछिल्ला महिनाहरूमा सारिन्छ र चार महिनासम्म मिलान गर्न नसके मात्र फिर्ता माग गर्न पाइन्छ । यसले करदाताको नगद प्रवाहमा नकारात्मक असर पार्ने भएकाले र अन्तर्राष्ट्रिय अभ्याससँग मेल नखाने भएकाले निकासीकर्ता र गैरनिकासीकर्ता दुवैले इनपुट कर आउटपुट करभन्दा बढी भएमा तुरुन्त फिर्ता पाउने व्यवस्था गर्नुपर्छ ।

भ्याट कानुनअनुसार शून्य दर सुविधा पाउन नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधि वा कानुनी रूपमा मान्यता प्राप्त एजेन्ट नभएको हुनुपर्ने सर्त भ्याटका मूल सिद्धान्तसँग मेल खाँदैन । भ्याट नेपालमा उपभोग भएका वस्तु तथा सेवामा लाग्ने कर हो र नेपालमा एजेन्ट, प्रतिनिधि वा सम्पर्क कार्यालय हुनु मात्रले सेवा नेपालमै उपभोग भएको मानिँदैन । विश्वव्यापी रूपमा स्वीकृत 'गन्तव्य सिद्धान्त' सँग मेल नखाने भएकाले यस प्रावधानलाई हटाई "नेपालबाहिर आपूर्ति हुने सेवाहरूमा शून्य दर लागु हुने" भन्ने स्पष्ट व्यवस्था गर्नुपर्छ ।

*बाँकी पृष्ठ ३मा*

# मेथी सेवनका फाइदाहरू तथा अपनाउनुपर्ने सावधानी

मेथी स्वास्थ्यका लागि अत्यन्तै फाइदाजनक मसला तथा जडीबुटी हो। यसमा भिटामिन 'ए', 'सी', 'ई' र आइरन, क्याल्सियम, पोटासियम जस्ता खनिज पदार्थका साथै उच्च फाइबर पाइन्छ। प्राचीन कालदेखि नै यसको औषधीय गुणका कारण मेथीलाई तरकारी तथा औषधिका रूपमा प्रयोग गरिँदै आएको छ।



*मेथीले स्वास्थ्यमा पुर्‍याउने मुख्य फाइदाहरू यस प्रकार छन्:*

मधुमेह (सुगर) नियन्त्रण: मेथीका दानाले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मद्दत गर्छ। यसमा पाइने घुलनशील फाइबरले मधुमेहका बिरामीका लागि इन्सुलिनको कार्यलाई प्रभावकारी बनाउँछ।

*पाचन क्रियामा सुधार र कब्जियतबाट राहत:*

मेथीले पाचन प्रणालीलाई बलियो बनाउँछ। यसमा भएको उच्च फाइबरले कब्जियत, ग्यास र एसिडिटीको समस्या कम गर्छ। टुसाएको मेथीको सेवन पेटका लागि विशेष लाभदायक मानिन्छ।

तौल नियन्त्रण: दैनिक खाली पेटमा मेथीको पानी वा टुसाएको मेथी खाँदा तौल घटाउन मद्दत मिल्छ। यसले शरीरमा भएको अनावश्यक बोसो कम गर्न सहयोग गर्छ।

*मुटुको स्वास्थ्य र कोलेस्ट्रोल:*

मेथीमा पोटासियम र अन्य आवश्यक तत्वहरू हुन्छन्, जसले कोलेस्ट्रोलको स्तर नियन्त्रण गरी मुटुलाई स्वस्थ राख्न मद्दत गर्छन्।

*जोर्नी र घुँडाको दुखाइमा राहत:*

मेथीको तासीर तातो हुने भएकाले यसले जाडो याममा हुने जोर्नीको दुखाइ वा हाडजोर्नीको समस्यामा राहत दिन्छ।

*कपाल र छालाका लागि फाइदाजनक:*

भिजाएको मेथी दाना खाँदा कपाल झर्न रोकिन्छ र चाँडै सेतो हुनबाट जोगाउँछ। यसको पेस्ट अनुहारमा लगाउँदा डण्डीफोर र दागधब्बा कम भई छाला चम्किलो हुन्छ।

महिनावारी र प्रजनन स्वास्थ्य: महिलाहरूमा हुने महिनावारीको अनियमितता, पेट दुखाइ र ऐँठन कम गर्न मेथी निकै प्रभावकारी मानिन्छ।

*अन्य फाइदाहरू:*

**पत्थरी गलाउन:** यसले मिर्गौलाको पत्थरी गलाउन मद्दत गर्न सक्छ।

***रुघाखोकी:*** रुघाखोकी लाग्दा मेथीको सेवन लाभदायक हुन्छ।

***रगतको कमी:*** टुसाएको मेथीमा आइरन हुने भएकाले यसले शरीरमा रगतको कमी (एनिमिया) हुन दिँदैन।

*कसरी सेवन गर्ने?*


रातभरि एक चम्चा मेथीको दाना पानीमा भिजाउने र बिहान खाली पेटमा दाना चपाएर खाने वा यसको पानी पिउने गर्दा सबैभन्दा बढी फाइदा हुन्छ।

*सावधानी:*

गर्भवती महिलाहरूले मेथीको धेरै सेवन गर्नु हानिकारक हुन सक्छ। साथै, कुनै कडा औषधिको सेवन गरिरहेका व्यक्तिहरूले चिकित्सकको सल्लाह लिएर मात्र यसको नियमित प्रयोग गर्नु राम्रो हुन्छ।

# गर्मीमा चिसो पानी पिउने कि नर्मल ?

एजेन्सी
काठमाडौं । गर्मी मौसममा शरीरको तापक्रम सन्तुलित राख्न पानी पिउनु आवश्यक छ। यद्यपि, जब हामीलाई तिर्खा लाग्छ,



फ्रिजको चिसो पानी पिउने कि सामान्य पानी भन्ने बारेमा अलमल्लमा पर्छौं ।

छनौट तपाईंको शरीरको आवश्यकता र त्यतिबेलाको स्थितिमा पूर्णतया निर्भर गर्दछ । यी दुई विकल्पहरू मध्ये कुन तपाईंको लागि उत्तम छ ? आजको लेखमा यसैबारे कुराकानी गर्नेछौं ।

*चिसो पानी*

जब तपाईं चर्को घामबाट फर्कनुहुन्छ वा दिनभरको कडा परिश्रम पछि धेरै पसिना बगाउनुहुन्छ, चिसो पानी पिउनाले ठूलो राहत मिल्छ । चिसो पानीले शरीरको तापक्रमलाई चाँडै कम गर्छ र ताजापन र शीतलताको तुरुन्तै अनुभूति प्रदान गर्दछ ।

विज्ञानका अनुसार धेरै चिसो पानी पिउनाले शरीरको रक्तनलीहरूलाई साँघुरो पार्न सक्छ, जसले तपाईंको पाचनमा हल्का प्रभाव पार्न सक्छ । जीउ तातिरहेको समयमा अचानक धेरै चिसो पानी पिउनाले घाँटी दुख्ने, चिसो लाग्ने, पेट दुख्ने र एसिडिटी जस्ता पाचन समस्याहरू निम्त्याउन सक्छ ।

*सामान्य पानी*

सामान्य, वा कोठाको तापक्रममा भएको पानी शरीरको लागि धेरै सहज र सुरक्षित मानिन्छ । सामान्य पानी शरीरको प्राकृतिक तापक्रमको धेरै नजिक हुन्छ । यसले शरीरलाई यसलाई अवशोषित गर्न सजिलो बनाउँछ, र यसले हाम्रो पाचन प्रणालीमा कुनै अनावश्यक तनाव दिँदैन ।

खाना खाइरेको समयमा वा खाना खाएको तुरुन्तै पछि सामान्य पानी पिउनु उत्तम हुन्छ । धेरै चिसो पानीले तपाईंको पाचन प्रक्रियालाई ढिलो गर्न सक्छ, जबकि सामान्य पानीले यसलाई सन्तुलित राख्छ ।

## कसरी गर्ने ............

कर फिर्ता व्यवस्था अत्यन्त सरल, सहज, छिटो र प्रभावकारी हुनुपर्छ । इमानदार करदाताले पाउनुपर्ने फिर्ता रकमभन्दा एक रुपैयाँ पनि कम पाउनु हुँदैन र बेइमान करदाताले पाउनुपर्ने भन्दा एक रुपैयाँ पनि बढी पाउनु हुँदैन ।

फिर्ता पाउने भ्याटलाई अन्य कर दायित्वसँग मिलान गर्न सक्ने व्यवस्था पनि हुनुपर्छ । कानुनले तोकेको अवधिभित्र फिर्ता नदिइएमा करदातालाई वार्षिक १५ प्रतिशतका दरले ब्याज प्रदान गर्नुपर्छ ।

कर फिर्ता प्रणाली पूर्ण रूपमा स्वचालित बनाइनुपर्छ । यस्तो प्रणालीमा करदाताले राजस्व कार्यालय जानुपर्ने आवश्यकता नपर्ने, आफ्नो फिर्ता दाबीको अवस्था अनलाइनमार्फत जाँच गर्न सक्ने र फिर्ता रकम सिधै बैङ्क खातामा जम्मा हुने व्यवस्था हुनुपर्छ ।

भ्याट गन्तव्य सिद्धान्तमा आधारित भएकोले विदेशी पर्यटकहरूले खरिद गरी नेपालबाहिर लग्ने सामानमा लागेको कर फिर्ता गर्ने प्रभावकारी व्यवस्था लागु गर्नुपर्छ । साथै, कूटनीतिक नियोग, अन्तर्राष्ट्रिय संस्थाहरू तथा वैदेशिक सहायताअन्तर्गत सञ्चालित आयोजनाहरूले पाउनुपर्ने भ्याट फिर्ता पनि सरल, सहज र छिटो रूपमा उपलब्ध गराउनुपर्छ ।

अर्कोतर्फ, सरकारी निकाय तथा संस्थाहरूले ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा भ्याटको ३० प्रतिशत रकम सिधै राजस्व खातामा जम्मा गर्ने व्यवस्था भ्याटको मूल सिद्धान्त र अन्तर्राष्ट्रिय असल अभ्याससँग मेल नखाने भएकाले यसलाई खारेज गर्नुपर्छ ।

यसका साथै, वस्तु तथा सेवा दुवैका लागि एउटै दर्ता सीमा कायम गर्ने अन्तर्राष्ट्रिय अभ्यास नेपालका लागि पनि सान्दर्भिक भएकाले त्यसलाई अपनाउनुपर्दछ र मुद्रास्फीतिका आधारमा समय-समयमा उक्त सीमा समायोजन गर्नुपर्छ ।

विश्वव्यापी रूपमा सन् १९७० को दशकदेखि विभिन्न नाममा लाग्दै आएका धेरै वस्तुगत करहरूको सट्टा एउटै भ्याट लागु गर्ने अभ्यास रहेको छ । तर पछिल्ला वर्षहरूमा नेपालमा विलासी कर, प्रदूषण नियन्त्रण शुल्क, हरित कर, पूर्वाधार विकास कर, वैदेशिक पर्यटन शुल्क, सडक निर्माण दस्तुर र सडक मर्मत तथा सुधार दस्तुरजस्ता धेरै साना-साना करहरू लगाइएका छन्, जुन अन्तर्राष्ट्रिय असल अभ्याससँग मेल खाँदैनन् । त्यसैले यस्ता करहरू खारेज गरी भ्याटको आधार विस्तार गर्नुपर्छ ।

प्रभावकारी भ्याट कार्यान्वयनका लागि सही किसिमको बिल लिने-दिने प्रचलन अत्यन्त महत्त्वपूर्ण भए पनि नेपालमा भ्याट लागु भएको २८ वर्ष बितिसक्दा पनि यस्तो संस्कृति स्थापित हुन सकेको छैन । केही बिक्रेताले बिल दिँदैनन्, केहीले सही बिल दिँदैनन् र केहीले बिल माग्दा १३ प्रतिशत अतिरिक्त रकम तिर्नुपर्ने बताउँछन् ।

आर्थिक गतिविधिहरू विस्तार हुँदै जाँदा भ्याटको आधार स्वाभाविक रूपमा फराकिलो बन्दै जान्छ, जसले राजस्व वृद्धि गर्छ ।

बिलसम्बन्धी समस्या अहिले भ्याट कार्यान्वयनको सबैभन्दा ठूलो चुनौती हो । त्यसैले प्रोत्साहनात्मक तथा दण्डात्मक उपायहरू अपनाई बजारमा कर प्रशासनको उपस्थिति बढाएर सही बिल लिने-दिने व्यवस्था कायम गर्नुपर्छ । नक्कली बिल जारी गर्ने, बिल नदिने, गलत बिल दिने वा बिल माग्दा बढी मूल्य लिनेलाई कडा कारबाही गर्नुका साथै यस्ता गतिविधिविरुद्ध सामाजिक दबाब सिर्जना गर्नुपर्छ ।

सही बिल दिने-लिने प्रणाली स्थापना गर्न रुवान्डालगायतका देशहरूमा 'विद्युतीय बिजक प्रणाली' प्रभावकारी सिद्ध भएको छ । यस प्रणालीबाट कर प्रशासनले करदाताको कारोबारसम्बन्धी सूचना वास्तविक समयमा प्राप्त गर्न सक्छ; जसले बिल जारी भए-नभएको अनुगमन गर्न सजिलो बनाउँछ र करदाता तथा कर प्रशासकबीचको प्रत्यक्ष सम्पर्क घटाई मिलेमतोको सम्भावना कम गर्छ ।

हाम्रो आन्तरिक राजस्व विभागले पनि विद्युतीय बिजक प्रणालीको प्रयोगलाई प्रवर्द्धन गरिरहेको छ । यसका लागि विभागले विद्युतीय बिलिङसम्बन्धी कार्यविधि तयार गरेको छ । करिब एक हजार सफ्टवेयर प्रदायकहरूले विद्युतीय बिलिङ सफ्टवेयर विकास गरी विभागमा दर्ता गराएका छन् । करदाताहरूले तीमध्ये कुनै एक सफ्टवेयर छनोट गरी विभागबाट स्वीकृति लिएर विद्युतीय बिजक जारी गर्न सक्छन् ।

हाल वार्षिक १० करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने सबै करदाताहरू तथा ५ करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने होटल, रेस्टुरेन्ट र सिनेमा हलहरूले अनिवार्य रूपमा विद्युतीय बिजक जारी गर्नुपर्ने व्यवस्था छ । यिनीहरूमध्ये २० करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने करदाताहरू 'केन्द्रीय बिजक अनुगमन प्रणाली' मा आबद्ध हुनुपर्छ । हाल करिब ९ हजार करदाताहरू यस प्रणालीमा आबद्ध छन् र तिनीहरूको कारोबारसम्बन्धी विवरण आन्तरिक राजस्व विभागले वास्तविक समयमा प्राप्त गर्दछ । यस प्रणालीको प्रयोग विस्तार गर्दै बढीभन्दा बढी करदातालाई आबद्ध गरिएमा विभागले कार्यालयबाटै बिल जारी भए-नभएको, कति खरिद, कति बिक्री र कति मौज्दात छ भन्ने निगरानी गर्न सक्नेछ ।

*निष्कर्ष*

भ्याट नेपालमा सरकारको राजस्वको मुख्य स्रोत हो र आगामी वर्षहरूमा देशको विकासका लागि आवश्यक थप राजस्व परिचालन गर्ने ठूलो सम्भावना भएको कर पनि यही हो । आर्थिक गतिविधिहरू विस्तार हुँदै जाँदा भ्याटको आधार स्वाभाविक रूपमा फराकिलो बन्दै जान्छ, जसले राजस्व वृद्धि गर्छ । यसले बजेट घाटा घटाउन र सार्वजनिक ऋण नियन्त्रण गर्न मद्दत पुर्‍याउँछ, जसबाट सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ बनाउन सहयोग पुग्छ ।

त्यसैले भ्याटमा विद्यमान समस्याहरू समाधान गर्दै यसलाई व्यवहारमा सही र प्रभावकारी रूपमा कार्यान्वयन गरी कुल कर राजस्वको करिब ४० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको करिब ८ प्रतिशत राजस्व भ्याटबाट परिचालन गर्ने नीति अवलम्बन गर्नुपर्छ ।

*(डा. खड्का करविज्ञ हुन् ।)*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# खेल मैदान खोज्दै ढल्केबरका युवा

दैनिक समाचारदाता
जनकपुरधाम, ३० वैशाख । धनुषाको ढल्केबरमा खेल मैदानको अभाव भएपछि स्थानीय युवा त्यसको व्यवस्थापनका लागि सक्रिय भएका छन् । लामो समयदेखि खेलकुद गतिविधि ठप्प बन्दै गएपछि युवाहरू उपयुक्त खेल मैदान निर्माणको पहलमा जुटेका हुन् ।



ढल्केबरस्थित प्रतिभा युवा क्लबका अध्यक्ष रामविरोध महतोले खेलाडीका लागि अभ्यास तथा प्रतियोगिता सञ्चालन गर्न आवश्यक खेल मैदान नहुँदा खेलकुद गतिविधि प्रभावित भएको बताउनुभयो । उहाँका अनुसार मैदानकै अभावमा फुटबल, क्रिकेट र भलिबललगायत खेलका प्रतियोगिता आयोजना गर्न सकिएको छैन भने नियमित अभ्याससमेत बन्दप्राय: भएको छ ।

अध्यक्ष महतोका अनुसार विगत सात(आठ वर्षदेखि यस क्षेत्रमा खेलकुद गतिविधि लगभग शून्य अवस्थामा पुगेको छ । उहाँले भन्नुभयो, “केही वर्षअघिसम्म प्रतिभा युवा क्लब फुटबलका लागि निकै चर्चित थियो । हाम्रो टोली पूर्वमा इटहरीदेखि पश्चिममा हेटौंडासम्म पुगेर विभिन्न प्रतियोगितामा सहभागी हुने गर्थ्यो । त्यतिबेला यहाँका धेरै खेलाडी जिल्ला, क्षेत्रीय तथा राष्ट्रिय टोलीसम्म पुग्न सफल भएका थिए ।”

तर अहिले मैदानको अभावले खेल प्रतिभा ओझेलमा पर्दै गएको उहाँको भनाइ छ । विगतमा बसही खोलाको उकास जमिनलाई खेल मैदानका रूपमा प्रयोग गरिँदै आएको भए पनि बाढीले पुन: कटान गरेपछि उक्त स्थान साँघुरो र अनुपयुक्त बनेको बताइएको छ ।

हाल बसही खोलाबाट करिब एक किलोमिटर दक्षिणतर्फ ग्राभेल निकालेर छाडिएको करिब दुई बिघा क्षेत्रफलको ठूलो खाडललाई खेल मैदानका रूपमा विकास गर्ने तयारी भइरहेको अध्यक्ष महतोले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त खाडल पुरेर सम्याउन सकिए स्तरीय खेल मैदान निर्माण गर्न सकिनेछ ।

“मैदान निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको प्रक्रिया अघि बढाउन सम्बन्धित वडा कार्यालयमा निवेदन दिइसकेका छौं,” अध्यक्ष महतोले भन्नुभयो, “यो मैदान बनेमा खेलकुद गतिविधिसँगै ठूला सभा, सम्मेलन तथा सार्वजनिक कार्यक्रम सञ्चालनका लागि समेत उपयोगी स्थल बन्न सक्छ ।”

मिथिला नगरपालिका(६ का वडाध्यक्ष नन्दकिशोर यादवले युवाको पहललाई पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले युवाले दिएको निवेदनका आधारमा जग्गा उपयोगसम्बन्धी आवश्यक सिफारिस तथा प्रक्रिया अघि बढाइने जानकारी दिनुभयो ।

स्थानीय युवा युवराज पोखरेलले खेल मैदानको अभावले युवाहरू कुलततर्फ आकर्षित हुने जोखिम बढ्दै गएको बताउनुभयो । उहाँका अनुसार समयमै मैदान निर्माण हुन सके ढल्केबरमा खेलकुद गतिविधि पुनर्जीवित हुनुका साथै युवालाई सकारात्मक गतिविधितर्फ उन्मुख गराउन मद्दत पुग्नेछ ।

# चार करोडको नगर भवन प्रयोगविहीन



दैनिक समाचारदाता
सर्लाही, ३० वैशाख । सर्लाहीको मलंगवा नगरपालिकाले चार करोडभन्दा बढी लागतमा निर्माण गरेको सुविधासम्पन्न भवन लामो समयदेखि प्रयोगविहीन बनेको छ । नगरपालिकाको कार्यालय सार्ने उद्देश्यले शिक्षा विकास इकाइ र सन्त अल्पमाई सीटीईभीटी अगाडि निर्माण गरिएको तीनतले भवन निर्माण सम्पन्न भएको वर्षौं बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन ।

नगरपालिकाका अनुसार भवन निर्माण कार्य २०८० सालमै सम्पन्न भएको थियो । पुरानो भवनमा अत्यधिक भीडभाड, साँघुरा कार्यकक्ष तथा सेवा प्रवाहमा समस्या भएपछि आधुनिक सुविधासहितको नयाँ भवन निर्माण गरिएको भए पनि हालसम्म त्यहाँबाट सेवा सुरु हुन सकेको छैन ।

हाल मलंगवा नगरपालिकाका अधिकांश वडा कार्यालय भाडाका घर तथा अन्य सरकारी भवनबाट सञ्चालन हुँदै आएका छन् । जिल्लाकै पुरानो नगरपालिका मानिने मलंगवा नगरपालिका विगत करिब ३६ वर्षदेखि बजार क्षेत्रमा रहेको पुरानै भवनबाट सञ्चालन हुँदै आएको छ । सेवाग्राहीको चाप बढ्दै जाँदा पुरानो संरचना अपर्याप्त बनेपछि नयाँ भवन निर्माण गरिएको नगरपालिकाका कर्मचारीहरू बताउँछन् ।

नगरपालिकाका इन्जिनियर सन्तोष सिंहका अनुसार उक्त भवन ड्रागन शिवालय जेभी, काठमाडौंले चार करोडभन्दा बढी लागतमा निर्माण सम्पन्न गरेको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमनाथ सुवेदीले आवश्यक फर्निचर खरिद तथा भवन परिसरमा बाउन्ड्री वाल निर्माण हुन नसक्दा कार्यालय सार्ने प्रक्रिया रोकिएको जानकारी दिनुभयो ।

“भवनमा आवश्यक फर्निचर व्यवस्थापन गर्न ठूलो बजेट आवश्यक छ । साथै सुरक्षा व्यवस्थापनका लागि बाउन्ड्री वाल निर्माण गर्नुपर्ने भएकाले तत्काल कार्यालय स्थानान्तरण गर्न सकिएको छैन,” उहाँले भन्नुभयो ।

यता, नागरिक समाजका अगुवाहरूले करोडौं रुपैयाँ खर्च गरेर निर्माण गरिएको सार्वजनिक भवन लामो समयसम्म प्रयोगमा नआउँदा संरचना जीर्ण बन्दै गएको बताएका छन् । उनीहरूले जनताको करबाट निर्माण गरिएका संरचनालाई समयमै सञ्चालनमा ल्याउन सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।मलंगवा नगरपालिका(१ का वडाध्यक्षका अनुसार नयाँ भवनमा नगर कार्यपालिकाको कार्यालय सार्ने तथा हाल प्रयोग भइरहेको पुरानो भवनमा वडा नम्बर ३ र ९ का कार्यालय सञ्चालन गर्ने विषयमा छलफल भइरहेको छ । तर निर्णय कार्यान्वयनमा ढिलाइ हुँदा नयाँ भवन अझै प्रयोगविहीन बनेको छ ।

# ५ हजारभन्दा बढीले बुझाएनन् सम्पत्ति विवरण

काठमाडौं ३० वैशाख । आर्थिक वर्ष २०८१/०८२ मा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व भएका सार्वजनिक पदधारीहरूमध्ये ५ हजार २ सय ६५ जनाले तोकिएको समयभित्र विवरण नबुझाएको पाइएको छ।

राष्ट्रिय सतर्कता केन्द्रले तयार पारेको ‘सम्पत्ति विवरण अनुगमन प्रतिवेदन’ अनुसार ७ लाख ७२ हजारभन्दा बढी कर्मचारी र पदाधिकारीमध्ये ९९.३२ प्रतिशतले मात्र विवरण बुझाएका हुन् । केन्द्रका सचिव सुरजकुमार वैद्यले बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसमक्ष उक्त प्रतिवेदन पेस गरेका छन् । २९८ पृष्ठ लामो प्रतिवेदनका अनुसार संघीय तहका ५,२७० जना, प्रदेश तहका ४५८ जना र स्थानीय तहका ३७७ जना गरी कुल ५ हजार २ सय ६५ जनाले सम्पत्ति विवरण नबुझाएको अख्तियारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

तीन तहमध्ये प्रदेश तहमा विवरण नबुझाउनेको संख्या सबैभन्दा बढी अर्थात् १.९४ प्रतिशत देखिएको छ। प्रतिवेदन बुझ्दै प्रमुख आयुक्त राईले सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पदधारीका सम्बन्धमा कार्यालय प्रमुखलाई नै जिम्मेवार बनाउनुपर्ने र यसलाई कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्नुपर्नेमा जोड दिए। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो सम्पत्तिको स्रोतसहितको अद्यावधिक विवरण पेस गर्नुपर्ने कानुनी व्यवस्था छ।

विगतका वर्षहरूको तुलनामा विवरण नबुझाउनेको संख्या घट्दो क्रममा रहे तापनि तोकिएको म्याद नाघ्नेहरूलाई प्रचलित कानुनबमोजिम कारबाहीका लागि आयोगले आवश्यक कदम चाल्ने जनाएको छ।

# विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग

दैनिक समाचारदाता
रौतहट, ३० वैशाख । रौतहट सदरमुकाम गौरमा रहेको इन्टरनेसनल बाल एकेडेमीले सामुदायिक विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ ।

गौर(२ मा रहेको रामजानकी कन्या आधारभूत विद्यालयका विद्यार्थीलाई बुधबार शैक्षिक सामग्री सहयोग गरिएको इन्टरनेसनल बाल एकेडेमीका सञ्चालक सन्तोष पौडेलले बताउनुभयो ।

रामजानकी कन्या आधारभूत विद्यालयको शिशु कक्षादेखि ४ कक्षासम्म अध्ययनरत ९० जना छात्रालाइ ६ महिनाका लागि पुग्ने स्टेसनरी उपलब्ध गराइएको उहाँले बताउनुभयो ।



राज्यले पाठयपुस्तक नि:शुल्क रूपमा उपलब्ध गराए पनि कापीको अभाव विद्यार्थीलाई रहेको र एउटै कापीमा सबै विषय पढने गरेको देखेर पठनपाठनमा सहयोग पुग्ने उद्देश्यले स्टेसनरी सहयोग गरिएको इन्टरनेसल बाल एकेडेमीका सञ्चालक पौडेलले भन्नुभयो ।

धेरै विद्यार्थीलाई कापी किन्न पनि धौ(धौ हुने देखिएकाले इन्टरनेसनल बाल एकेडेमीले गरेको सहयोगले अभिभावकलाई समेत सहज भएको रामजानकी कन्या आधारभूत विद्यालयका प्रधानाध्यापक रिना झाले बताउनुभयो ।

गौर(५ मा रहेको इन्टरनेसल बाल एकेडेमीमा हाल एक हजार चार सय विद्यार्थी अध्यनरत रहेकोमा दस प्रतिशत विद्यार्थीलाई छात्रवृति प्रदान गर्ने गरेको सञ्चालक पौडेलले बताउनुभयो । आफ्ना विद्यालयका गरिव, विपन्न बालबालिकालाई छात्रवृति सँगै स्टेसनरी, झोला, कपडा समेत सहयोग गर्ने गरेको उहाँले भन्नुभयो ।

# सप्तरीमा आगलागी : ६ लाखभन्दा बढीको क्षति

दैनिक समाचारदाता
सप्तरी,३० वैशाख । सप्तरीको विष्णुपुर गाउँपालिका(१ खुरहुरियामा आगलागी हुँदा ६ लाखभन्दा बढी मूल्य बराबरको धनमाल जलेर नष्ट भएको छ ।

स्थानीय ६० वर्षीय बेदबिहारी मण्डलको गोठघरमा मंगलबार राति आगलागी हुँदा करिब ६ लाख २० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।


जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीका अनुसार राति करिब ९:४० बजे काठले बनेको तथा टिनको छानो भएको गोठघरमा बालिएको घुरबाट आगो सल्किएको थियो । गोठघरभित्र सुत्ने कोठासमेत रहेको बताइएको छ ।

आगलागीबाट ५० क्युफिट सिसौंको काठ, ३२ मन धान र एउटा बाछो जलेर नष्ट भएको छ । साथै गोठघर पूर्णरूपमा क्षतिग्रस्त भएको प्रहरीले जनाएको छ ।

स्थानीय बासिन्दा, नेपाल प्रहरी तथा नेपाली सेनाको दमकलको सहयोगमा राति करिब ११ बजे आगो पूर्णरूपमा नियन्त्रणमा लिइएको थियो ।




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४